रंगेली नगरपालिका
Rangeli Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
रंगेली अस्पताल
Rangeli Hospital
रंगेली, मोरङ Rangeli, Morang
१ नं. प्रदेश नेपाल Province No. 1 Nepal

पत्र पंख्याः ०७९/८०

मिति २०७९/०५/१४

**विषय :- आ.व. २०७९/०८० का लागि औषधि आपूर्ति सम्बन्धी सूचना।**
**प्रथम पटक सूचना प्रकाशन मितिः २०७९/०५/१४**

उपरोक्त सम्बन्धमा अस्पताल संचालन तथा व्यवस्थापन समिति, रंगेलीको मिति २०७९/०४/२० को निर्णयानुसार निम्न शर्तहरु पालना हुने गरि यस अस्पतालमा फार्मेसी संचालनार्थ आवश्यक सम्पूर्ण औषधीहरु आपूर्ति गर्न ईच्छुक औषधी वितरकहरुका लागि यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**शर्तहरु:-**

१) **औषधीको किसिम र प्रकार :** अस्पतालबाट आवश्यकता अनुरुप माग भए बमोजिमका सम्पूर्ण किसिमका औषधीहरु आपूर्ति गर्नुपर्नेछ।

२) **औषधीको शुल्क :** हरेक औषधीहरुमा रहेको M.R.P मा कम्तिमा १३.७ % (तेह्र दशमलव सात प्रतिशत) छुट दिनुपर्नेछ भने सोही औषधीमा सम्बन्धित कम्पनीद्वारा नियामानुसार प्रदान गरिने सबै बोनस औषधीहरु विलमा नै उल्लेख गरि उपलब्ध गराउनुपर्नेछ। यसरी उपलब्ध गराउनुपर्ने बोनस औषधीहरु नियमानुसार उपलब्ध नगराएमा आपूर्तिकर्तालाई भूक्तानी दिनुपर्ने बाँकी रकम दिन अस्पताल बाध्य हुने छैन र अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार थप जरिवाना समेत गरिनेछ। निवेदनमा आपूर्तिकर्ताले M.R.P मा उपलब्ध गराउने छुट प्रतिशत उल्लेख गर्नुपर्नेछ।

३) **औषधी ढुवानीः** आपतकालीन अवस्था बाहेक मासिक रुपमा न्युनतम एक पटक अस्पतालले माग गरे अनुरुपका औषधिहरु अस्पतालसम्म निःशुल्क रुपमा ढुवानी गरिदिनुपर्नेछ। अस्पतालमा आवश्यक औषधी अभाव नहुने गरी आवश्यकता अनुरुप आपूर्तिको व्यवस्था गरिदिनुपर्नेछ। आपुर्तिकर्ताले समयमै औषधी ढुवानी नगरिदिनाले सेवा प्रभावित भएमा समितिको निर्णयानुसार आपूर्तिकर्तालाई जरिवाना गरिनेछ।

४) **भुक्तानीको विषयः**

क) अस्पतालसँग सुरु पुँजी (capital amount) नभएको हुँदा आपूर्तिकर्तालाई फार्मेसीबाट हुदै जाने आम्दानीबाट भुक्तानी दिदै जानेछ। बीमा बोर्डबाट अस्पतालले लिनु पर्ने पुरा भुक्तानीहरु समयमै पूर्ण भुक्तानी प्राप्त नभएमा आर्थिक बर्ष सकिने बेलामा भुक्तानी दिन बाँकी रकम लेखापरीक्षण गरी दायित्वमा देखाईनेछ र पछि भुक्तानी दिइनेछ।

ख) आपूर्तिकर्ताले आफुले भुक्तानीका लागि अस्पताललाई दिने न्यूनतम समयावधि निवेदनमा उल्लेख गर्नुपर्नेछ।

५) आवश्यक कागजपत्रहरु : शिलबन्दी निवेदन फारम पूर्ण रुपमा भरेर निवेदन दस्तुर तिरेको रसिद, PAN/VAT कार्डको प्रतिलिपी, संस्था फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी र नियमानुसार कर चुक्ता गरेको वा म्याद थपको पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ। निवेदकले हालसम्म कुनै सरकारी संस्थामा आवश्यक औषधी आपूर्तिको अनुभव भएमा सो अनुभवको कागजपत्र समेत पेश गर्नुहुन अनुरोध छ। अनुभवी निवेदकलाई प्राथमिकता दिइनेछ साथै निवेदनमा निवेदकको मुख्य कार्यालय रहेको स्थानसम्म अस्पताल बिचको सडक दुरी समेत निवेदनमा खुलाउनु पर्नेछ।

पत्र संख्याः ०७९/८० मिति : २०७९/०५/१४

समान प्रतिष्पर्धा भएको अवस्थामा दुरीका आधारमा सबैभन्दा नजिकको निवेदकलाई प्राथमिकता दिइनेछ। निवेदकले आफुले उपलब्ध गराउन सक्ने औषधीहरुको विवरण पनि निवेदनमा उल्लेख गर्नुपर्नेछ। आवश्यकता अनुरुप व्यवस्थापन समितिले माग गरे बमोजिमका थप कागजपत्रहरु उपलब्ध गराउनुपर्नेछ।

६) **निवेदन दर्ताको तरिका र अन्तिम समय:**

क) कार्यालयमा आएर ईच्छुक आपूर्तिकर्ताले आवश्यक कागजपत्रहरु र निवेदन अस्पतालको प्रशासन शाखाबाट लिई निवेदन दस्तुर रु. १००० (एक हजार रुपैया फिर्ता नहुने गरि) कार्यालयको बिल काउण्टरमा बुझाई वा अस्पतालको बैंक खाता नं. ०६०१४०११५०२५७०८७ मा जम्मा गरी निवेदन दर्ता गराउनु पर्नेछ।

ख) निवेदन फारम पेश गर्ने मिति २०७९/०५/१३ गते देखि मिति २०७९/०५/२७ गते दिनको ४:०० बजेसम्म रहनेछ। निवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट निवेदन दिने अन्तिम लिन सकिनेछ।

ग) शिलबन्दी निवेदनको साथमा नगरपालिकाको धरौटी खाता ०६०१४०११५०२५७०७९ मा रु.१५००००।- (एक लाख पचास हजार मात्र) धरौटी राखिएको भौचर वा बाणिज्य बैंकबाट जारी गरिएको ९० दिनको बैंक जमानत पत्र पेश गर्नपर्नेछ।

घ) खरीद गर्न सम्झौता गर्न आउदा सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११० को उपनियम ३ बमोजिम रु.३०००००। (तीन लाख मात्र) को कार्य सम्पादन जमानत पेश गर्नुपर्नेछ।

७) औषधी आपूर्तिकर्ताले अस्पतालद्वारा माग भए अनुरुप कुनै औषधी उपलब्ध गराउन नसके जुनसुकै समयमा अस्पतालले अन्य जुनसुकै संस्थासँग पनि खरिद गर्न सक्नेछ। यसरी खरिद गर्दा माथि बुँदा नं. २ मा आपूर्तिकर्ताले कबोल गरेको छुट प्रतिशत भन्दा बढी पर्न गएमा सो बढी पर्न जाने कुल रकम र सो औषधी खरिद गर्दा भएको ढुवानी तथा नियमानुसारको भ्रमण आदेश अनुसारको सम्पूर्ण रकम आपूर्तिकर्तालाई भूक्तानी दिन बाँकी रकमबाट जरिवाना स्वरुप कट्टी गरि भूक्तानी गरिने छ।

८) ईच्छुक आपुर्तिकर्ताले आफ्ना थप प्रस्तावहरु भए निवेदनमा नै उल्लेख गरी प्रस्ताव गर्न सकिनेछ।

९) आपूर्तिकर्ताको निवेदनमा माथि उल्लेखित बुँदा नं. १, २, ३, ४ र ५ लगायतका सबै विषयहरु अध्ययन गरि सहज एवं नियमित रुपमा आपूर्ति गर्न सक्ने आधार अनुसार आपूर्तिकर्ता छनौट गरिने छ। बुँदा नं. २ लाई मात्रै छनौटको आधार मानिने छैन। छनौट सम्बन्धि निर्णय गर्ने अधिकार रंगेली नगरपालिकामा निहित रहने छ। आपूर्तिकर्ता छनौट सम्बन्धि थप सूचना पछि प्रकाशन गरिने छ। थप जानकारीका लागि अस्पतालको प्रशासन शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

मेडिकल सुपरिटेण्डेन्ट
रंगेली अस्पताल

मिति २०७९/०५/

श्री मेडिकल सुपरिटेण्डेन्ट ज्यू,
रंगेली अस्पताल ।

**विषयः औषधी आपूर्तिका लागि टेन्डर निवेदन सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा श्री रंगेली अस्पतालको मिति २०७९/०५/ गतेको सूचना अनुसार तहाँ अपतालललाई आ.ब. २०७९/०८० मा आवश्यक औषधीहरु उपलब्ध गराउन निम्न विवरण सहित यो निवेदन पेश गरेको छु ।

निवेदक संस्थाको तर्फबाट निम्न :

१) सूचनाको शर्त बुँदा नं. १ मा उल्लेख गरिएको छुट प्रतिशतमा औषधीको MRP मा कबोल गरेको छुट प्रतिशत .................... (अक्षरमा .....................................) रहनेछ ।

२) सुचनाको शर्त बुँदा नं. १ मा उल्लेख गरिए अनुसार सम्बन्धित सबै औषधीमा सम्बन्धित कम्पनी द्वारा तोकिए बमोजिमको बोनस आषधीहरु सबै नियमानुसार लाग्ने c/c शुल्क अनुरुप विलमा नै उल्लेख गरी उपलब्ध गरिनेछ /छैन/अन्य केहि भएमा : ............................... .................................... ........................................................ .......................................................

३) ढुवानीको विषयः महिनामा न्यूनतम एक पटक /आवश्यकता अनुसार जुनसुकै समयमा/अन्य .............................. ........................................................।

४) भूक्तानीको विषय : अस्पतालले विल भुक्तानी गर्नुपर्ने प्रस्तावित समय आर्थिक वर्षको अन्तिम .......................................................... ।

५) हाल सम्म निवेदकले सरकारी संस्थामा औषधी आपूर्ति गरेको अनुभवको विषयः सरकारले निशुल्क भनी तोकिएका औषधीहरु मात्र आपूर्ति गरेको / फार्मेसीमा आवश्यक सबै किसिमका औषधी आपूर्ति गरेको/सरकारी संस्थामा आपूर्ति नगरेको/अन्य .......................................................................................... आपुर्ति गरेको भएमा समय /वर्ष ...................................................... ।

६) रंगेली अस्पताल र निवेदक संस्था विचको सडक दुरीः ............................ ।

७) निवेदक संस्थाले उपलब्ध गराउन सक्ने औषधीको विवरण : अस्पतालमा आवश्यकता अनुसारका सबै/कुनै विशेष कम्पनीको मात्रै/कुनै विशेष प्रकृतिका औषधीहरु मात्रै/अन्य .......................................................................।

८) अन्य केही प्रस्ताव वा शर्त वा अनुरोध भएमा उल्लेख गर्ने :

.......................
भवदीय

संलग्न कागजपत्रहरुः

- निवेदन दस्तुर बुझेको सक्कल रसिद वा ईसेवा/आइपिएस गरेको रसिद
- PAN VAT कार्डको प्रतिलिपी
- संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी
- करचुक्ता प्रमाणपत्रको नियमानुसारको प्रतिलिपी
- अनुभवको कागजात भएमा
- अन्य